**बैठक संख्याः २०८२/८३-२**

आज मिति २०८२ श्रावण ३० गते शुक्रवारका दिन सिस्ने गाउँ कार्यपालिकाको कार्यालय, रुकुमकोट, रुकुम (पूर्वी भाग) मा सिस्ने गाउँ कार्यपालिकाका अध्यक्ष श्री कृष्ण रेग्मी ज्यूको अध्यक्षतामा बसेको सिस्ने गाउँ कार्यपालिकाको बैठकमा तपसिलको उपस्थितिमा देहायका विषयहरुमा आवश्यक छलफल गरी निर्णयहरु पारित गरियो ।

***तपसिलः***

| | |
|---|---|
| श्री कृष्ण रेग्मी | अध्यक्ष, सिस्ने गाउँ कार्यपालिका |
| श्री गोपाल रेउले | उपाध्यक्ष, सिस्ने गाउँ कार्यपालिका |
| श्री डिल्ली खड्का | सचिव, सिस्ने गाउँ कार्यपालिका |
| श्री रज बहादुर बुढा | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री कृष्ण बहादुर खड्का | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री हेराम खड्का | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री दलराज घर्ति | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री बिरेन्द्र बस्नेत | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री पूर्ण बहादुर मल्ल | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री शशिधर बुढा | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री गोपाल पुन | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री सूर्य बहादुर नेपाली | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री थल बहादुर सार्की | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री तिर्था पुन | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री सुपरी बुढा | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री मीना के.सी. | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री धन कुमारी बुढा खत्री | सदस्य, सिस्ने गाउँ कार्यपालिका |

***अन्य उपस्थितिः***

श्री अरुण कुमार ओली प्रशासन शाखा प्रमुख

# सिस्ने गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

**Google plus –JJ8H+R22 RUKUMKOT**

**रुकुमकोट, रुकुम (पूर्वी भाग)**

**लुम्बिनी प्रदेश, नेपाल**

प.स. २०८२।८३

च.न.

**मिति २०८२/०४/३० गते बस्ने कार्यपालिकाको बैठकमा अध्यक्ष द्वारा प्रस्तवित एजेण्डा :**

१.अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्वन्धमा।

२.गापा तथा वडा कार्यालयको दैनिक सेवा प्रवाह समिक्षा सम्बन्धमा ।

३.विद्युतिय हाजिरी तथा सिसि क्यामरा (गापा वडा स्वास्थ्य संस्था )जडान सम्बन्धमा ।

४.गापा परिसरमा निर्मित पाहुना घर रुकुमकोट अदालतलाइ दिने सम्झौता सम्बन्धमा ।

५.विपद व्यवस्थापन तथा राहत उद्दार सम्बन्धमा ।

६.लेखा परीक्षण प्रतिबेदन एवं बेरुजु समिक्षा तथा आव २०८१।८२ को लेखा परीक्षण सम्बन्धमा ।

७.प्राविधिक कर्मचारी वडा कार्यालयम खटनपटन सम्बन्धमा ।

८.ठेक्का तथा उपभोक्ता समिती सम्बन्धी योजना संचालन सम्बन्धमा ।

९.बाटो सम्बन्धी मुद्दाको लिखित जवाफ लगाउने अख्तियारी सम्बन्धमा ।

१०. विविध

**प्रस्ताव नं १ अघिल्लो बैठकको समिक्षा सम्वन्धमा।**

**निर्णय नं १:**

यस अघि मिति २०८२/०४/२१ गते बसेको गाउँ कार्यपालिकाको पहिलो बैठकका पारित निर्णयहरु कार्यान्वयन भए/नभएको भन्ने सम्बन्धमा ब्यापक छलफल गरि समिक्षा गरियो।

**प्रस्ताव नं २ गापा तथा वडा कार्यालयको दैनिक सेवा प्रवाह समिक्षा सम्बन्धमा ।**

**निर्णय नं २:**

सिस्ने गाउँपालिकाको कार्यालय तथा वडा कार्यालयबाट भइरहेको दैनिक सेवा प्रवाह एवं नागरिक संतुष्टिका विषयमा यस कार्यपालिकाको बैठकमा समिक्षा गरियो । हाल सम्म देखिएका समस्याहरुलाई सुधार गरि अझ बढि चुस्त दुरुस्त र नागरिकमैत्र बनाउन प्रयत्न गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ३ विद्युतिय हाजिरी तथा सिसि क्यामरा जडान सम्बन्धमा ।**

**निर्णय नं ३:**

सिस्ने गाउँपालिकाको दैनिक कर्मचारी प्रशासनलाई नियमित व्यवस्थित र प्रभावकारी वनाउन गाउँपालिकाबाट नियमित अनुगमन निरक्षण तथा सुपेरीवेक्षणलाई व्यवस्थित गर्नु पर्ने र सुरक्षा व्यवस्थापन समेतलाई दृष्टिगत गर्दा आवश्यकताको आधारमा गाउँपालिका वडा कार्यालय स्वास्थ्य संस्था एवं सामुदायिक विद्यालयमा विधुतिय हाजिरी र सिसि टिभि क्यामरा खरिद तथा जडान गर्ने कार्यलाई अगाड वढाउने निर्णय गरियो ।

**प्रस्ताव नं ४ गापा परिसरमा निर्मित पाहुना घर रुकुमकोट अदालतलाइ दिने सम्झौता सम्बन्धमा ।**

**निर्णय नं ४:**

सघन शहरी तथा भवन निर्माण आयोजना घोराही दाङबाट सिस्ने गाउँपालिका वडा नं ५ स्थित किता नं ६अन्तरगत सार्वजनिक जग्गामा भवन संरचना निर्माण भइ सिस्ने गाउँपालिका रुकुम (पुर्वी भाग) लाई हस्तान्तरण एबं भोगाधिकार प्रदान गरिएकोमा अव उप्रान्त उक्त भवन संरचना रुकुमकोट अदालतलाई कार्यालय संचालान प्रयोजनार्थ हस्तान्तरण गर्ने सम्बन्धी  सिस्ने गाउँ कार्यपालिकाको मिति २०८२।०३।०४ गते बसेको सत्रौं बैठकको निर्णय बमोजिम कार्यालयको तर्फबाट सम्झौता गर्न प्रमुख प्रशासकीय अधिकृत श्री डिल्ली खड्का लाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ५ विपद व्यवस्थापन तथा राहत उद्दार सम्बन्धमा ।**

**निर्णय नं ५:**

गाउँपालिका अन्तर्गत आइ पर्ने सक्ने विपदका घटनाहरुको सम्भावित पक्षलाई ध्यान दिइ पुर्व सुचना प्रणाली लाई प्रभावकारी बनाउने । विपदका समयमा भएको क्षति सम्बन्धमा तत्कालिक उदार तथा राहतका कार्यलाई निरन्तरता दिने । विभिन्न ठाउँमा भएको सडक अवरुद्धको अवस्थाबाट दैनिक आवतजावत सहजता ल्याउन वडा कार्यालयको सिफारिस तथा विपद व्यवस्थापन समितिको सिफारिसका आधारमा पुर्वाधार एम्बुलेन्स अवश्यक्ता अनुसार सन्चालन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ६ लेखा परीक्षण प्रतिबेदन एवं बेरुजु समिक्षा तथा आव २०८१।८२ को लेखा परीक्षण सम्बन्धमा ।**

**निर्णय नं ६:**

आव २०८०।८१ को लेखा परीक्षण प्रतिबेदन तथा मलेपले औल्याएका बेरुजु र सुझावका सम्बन्धमा छलफल गरियो । आगामी दिनमा बेरुजु हुने गरी गाउँपालिकाको कामकाजलाई व्यवस्थित गर्ने र बेरुजु कम गर्न तर्फ सबै कर्मचारी तथा जनप्रतिनिधिले ध्यान केन्द्रित गर्ने निर्णय गरियो । साथै गत आव २०८१।८२ को लेखा परीक्षण कार्यमा सबै कर्मचारी तथा शाखा प्रमुखहरुलाई अनिवार्य रुपमा क्रियाशिल गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ७ प्राविधिक कर्मचारी वडा कार्यालयम खटनपटन सम्बन्धमा ।**

**निर्णय नं ७:**

वडा कार्यालयमा खटन पटन गरिएका प्राविधिक कर्मचारीहरुले गाउँपालिकाबाट नै सेवा प्रवाह गरिरहदा स्थानीय जनगनासो बढिरहेकोले प्राविधिक कर्मचारीको साविकमा कामकाज गर्दै आएको वडा समेत परिवर्तन हुने गरि वडा कार्यालयमा गै कामकाज गर्ने गरी खटाउने निर्णय गरियो ।

**प्रस्ताव नं ८ ठेक्का तथा उपभोक्ता समिती सम्बन्धी योजना संचालन सम्बन्धमा ।**

**निर्णय नं ८:**

गाउँपालिकाबाट संचालन गरिने रु १० लाख सम्म बजेट विनियोजन भएका योजनाको विभिन्न प्याकेज बनाइ यथासम्भव छिटो खरिद प्रकृया प्रारम्भ गर्ने र वडा कार्यालय मार्फत संचालन हुने उपभोक्ता समिति मार्फत हुन् योजनाहरु आगामी बैठकबाट कार्य योजना बनाइ निर्माण कार्य संचालन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ९ जग्गा खिचलो सम्बन्धी मुद्दाको लिखित जवाफ लगाउने अख्तियारी सम्बन्धमा ।**

**निर्णय नं ९:**

सिस्ने गाउँपालिका वडा नं ६ स्थित निबेदक सपना विकको दर्ता श्रेस्ता कायम रहेको जग्गामा हानी नोक्सानी हुने गरी गाउँपालिका द्धारा बाटो खुलाउने योजना संचालन गरेको भन्ने व्यहोराको अन्तरिम आदेश सहितको निशेधज्ञा रिट निबेदन सम्बन्धमा गाउँपालिकाको तर्फबाट सम्मानीत रुकुमकोट अदालतमा लिखित जवाफ लगाउन, कानुन व्यावसायी नियुक्त गर्न, तारेख लगाउन लगायत यस मुद्दा सम्बन्धी सम्पुर्ण कामकाज गर्नका लागी कानुन सहायक श्री टायल गौतमलाई अख्तियारी दिने निर्णय गरियो।